# आमाछोदिङमो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोल्जुङबेसी, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. ०८२/०८३

च.नं

## वैदेशिक रोजगार सन्तती छात्रावृत्ति सहायताका लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना

(प्रकाशित मिति २०८२/०७/२३)

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८२/०७/०३ गते प्रकाशित सूचना अनुसार श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा गएर मृत्यु, अङ्गभङ्ग वा विरामी भई कल्याणकारी कोषबाट सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सामुदायिक एवं संस्थागत विद्यालयमा कक्षा १२ सम्म अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति पाउने जानकारी गराउँदै योग्य विद्यार्थीहरुले **"वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८२"** बमोजिम आ-आफ्नो विद्यालयमा **मिति २०८२ कार्त्तिक मसान्त** भित्र निवेदन पेश गर्नुहुन र सम्बन्धित विद्यालयहरुले प्राप्त निवेदनहरु कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी आमाछोदीङमो गाउँ कार्यपालिकाको रोजगार सेवा केन्द्रमा देहायका कागजातहरु सहित **मिति २०८२ मंसिर १३** गतेभित्र सिफारिस गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

१. अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन,

२. कामदारको राहदानीको प्रतिलिपि,

३. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,

४. अभिभावकको नागरिकताको प्रतिलिपि,

५. विद्यार्थी वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि),

६. कामदारको मृत्यु दर्ताको प्रमाणपत्र वा अंगभंग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

७. निवेदक र कामदार बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

८. श्रमिक करार अवधिभित्रै अङ्गभङ्ग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

९. विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

थप जानकारीको लागि सम्पर्क नम्बरः ९८५१३६२०८८,९८६१३४१३०३

२०८२/७/२३

ऋषिकेश अधिकारी

निमित्त प्रमुख प्रशासकीय अधिकृत

www.aamachhodingmo.gov.np

प्रमुख प्रशासकिय अधिकृत :9766430600

Email: aamachhodingo@gmail.com

प्रशासन तथा राजश्व शाखाः 9766430602

CamScanner